नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी नं.:-

# प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय योजना आयोगका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूको अध्यक्ष्यतामा सम्माननीय प्रधानमन्त्रीज्यूको सचिवालय, बालुवाटारमा आयोगको पूर्ण बैठक आज सपन्न भयो। सो बैठकले नेपाल सरकार (मन्त्रिपरिषद्)बाट मिति २०७६/०१/१७ मा स्वीकृत भएको पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को आधार-पत्रलाई विस्तृत रूप दिई तयार गरिएको पन्ध्रौं योजनाको विस्तृत दस्तावेज उपर छलफल गरी आयोगको बैठकमा प्राप्त भएका सुझाव समेत समावेश गरी परिमार्जित पन्ध्रौं योजनाको विस्तृत दस्तावेज स्वीकृत गर्ने निर्णय गर्‍यो।

बैठकमा आयोगका सदस्य सचिव श्री लक्ष्मण अर्यालज्यूले स्वागत मन्तव्य सहित बैठकको कार्यसूची पेश गर्नुभयो। माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलज्यूले "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा हासिल गर्न २५ वर्षीय दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाको विस्तृत दस्तावेजमा समावेश गरिएका विविध विषयमा जानकारी गराउनु भयो। वहाँले विस्तृत दस्तावेज तयारी प्रक्रिया, पन्ध्रौं योजनाका मुख्य विशेषता, दीर्घकालीन सोचका राष्ट्रिय लक्ष्य, योजनामा समावेश गरिएका राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना, प्रमुख कार्यक्रम, सार्वजनिक निजी साझेदारीका आयोजना र प्रादेशिक प्रमुख कार्यक्रम एवम् योजनाको नतिजा खाका, प्रादेशिक लक्ष्य तथा गन्तव्य सूचकका बारेमा प्रकाश पार्नुभयो। संविधानको पूर्ण कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहको बीचमा सहकार्य गर्दै मुलुकलाई समृद्ध र समुन्नत बनाउने योजनाको लक्ष्य लगायतका विषयमा बैठकमा छलफल भयो।

राष्ट्रिय योजना आयोगका सम्पूर्ण सदस्यहरु (पदेन समेत) सहभागी भएको उक्त बैठकमा माननीय अर्थमन्त्री, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार, परराष्ट्र सल्लाहकार, प्रेस सल्लाहकार, आर्थिक विकास सल्लाहकार समेत सहभागी हुनुहुन्थ्यो। माननीय अर्थमन्त्री डा.युवराज खतिवडाले उक्त दस्तावेजमा आफ्नो राय सुझाव प्रदान गर्नुभयो।

बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूले योजना अवधिमा संचालन गरिने विकासका गतिविधिबाट उत्पादन र उत्पादकत्व वृद्धि भई उल्लेख्य मात्रामा रोजगारीका अवसर सिर्जना हुने र विद्यमान गरिबीको दरमा कमी आउने यथार्थतालाई आयोजनाले आत्मसात गर्नुपर्ने धारणा राख्दै जैविक र मानवीय आवश्यकता परिपूर्ति मार्फत सुखी नेपालीको परिकल्पना साकार हुने अपेक्षा सहित सोका लागि योजना अवधिमा आवश्यक कार्यक्रम तथा आयोजना समावेश गर्न निर्देशन दिनुभयो। विकासको मुख्य चुनौतीको रूपमा रहेको मानव संशाधन विकासलाई सम्बोधन गर्न समेत उहाँले निर्देशन

फोनः ४२११००४, ४२१११०३२, ४२१११३२, फ्याक्सः ४२११७००, ईमेलः npc@npc.gov.np, वेवसाईटः www.npc.gov.np

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरवार, काठमाडौं

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्याः-

चलानी नं.:-

दिनुभयो। साथै, आर्थिक तथा सामाजिक विकासमा पछि परेका क्षेत्र, वर्ग तथा समुदाय लक्षित गरी निरक्षरता, गरिबी र बेरोजगारी न्यूनीकरणका लागि चेतनामूलक तथा लक्षित कार्यक्रम समावेश गर्न निर्देशन दिंदै उहाँले योजना कार्यान्वयनबाट **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय सोच पूरा गर्ने तर्फ ध्यान दिन र सरोकारवाला सबैको सक्रियतामा जोड दिनु भयो ।

डा. किरण रुपाखेती
(प्रवक्ता एवं सह-सचिव)

मिति : २०७६ फागुन १९ गते, सोमवार

फोनः ४२११००४, ४२१११०३२, ४२१११३२, फ्याक्सः ४२११७००, ईमेलः npc@npc.gov.np, वेवसाईटः www.npc.gov.np